# संघीय संसद
# प्रतिनिधि सभा

चौथो अधिवेशन

बैठक संख्या - ६३

## दैनिक कार्यसूची

२०७६ असोज २ गते

**बिहीबार**

बिहान ११:०० बजे

### सन्देश टेबुल

१. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले निम्नलिखित विधेयकका सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशहरु टेबुल गर्नुहुने ।

(क) "सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५"

(ख) "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५"

### सन्देशको जानकारी

२. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "औद्योगिक व्यवसाय विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुने ।

### विशेष समितिको म्याद थप

३. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम गठित अध्ययन तथा सुझाव संसदीय विशेष समितिको म्याद थप सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### व्यवस्थापन कार्य

४. मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले "राहदानी विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

गोपालनाथ योगी

संघीय संसदको निमित्त महासचिव